# बाँसगढी नगरपालिकाको

# आर्थिक वर्ष २०७७/०७८ को

# पहिलो चौमासिक सार्वजनिक सुनुवाईको प्रतिवेदन




गुर्बाबा एफएम बर्दिया द्वारा

बासगढी नगरपालिकाको कार्यालय, बर्दियामा समर्पित

प्रस्तोता

पुष्पा चौधरी

# बाँसगढी नगरपालिकाको
# आर्थिक वर्ष २०७७/०७८ को
# पहिलो चौमासिक सार्वजनिक सुनुवाईको प्रतिवेदन

## १. भूमिका

स्थानीय बिकास स्थानीय स्तरबाट नै गर्ने सरकारले नीति लिएको छ । जस्का लागि बिभिन्न ऐन कानून र नीति नियमहरु बनाइएका छन् । तिनै नीति नियम तथा कार्यक्रमहरुले स्थानीय निकायहरुको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । नागरिकहरुलाइ सुशासनको प्रत्याभूति दिनु र आम नागरिकहरुलाइ स्थानीय बिकासमा अपनत्व जगाउन नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यस्तै संयन्त्रहरु मध्ये अनुगमन सुचकहरुको अग्रपंक्तिमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय तह सञ्चालन गर्न बनेको ऐन तथा नियमहरुले स्थानीय तहहरुले खासगरी जि.स.स, नगरपालिका तथा गाउपालिकाले प्रत्येक आर्थिक बर्षमा सम्पादन गरेका कामहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीनपटक गर्ने व्यवस्था मिलाएको छ ।

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय तह सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । तीनै व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनेर नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तह खास गरी जि.स.स नगरपालिका तथा गाउँपालिकाहरुले वर्षको तीन पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने र सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै बाँसगढी नगरपालिकाले आ.व. २०७७/०७८ मा गरेका योजना तथा आयोजना सम्पादन गरेका समग्र कार्यहरुको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न रेडियो गुर्वावा एफ एमलाई जिम्मेवारी दिएको थियो । यस सन्दर्भमा उक्त संस्थाको प्राविधिक सहयोगमा स्टेशन म्यानेजर पुष्पा चौधरीले सञ्चालन गरेको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले हरेक स्थानीय तहले आफ्नो संस्थाले वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको वार्षिक सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख छ । बाँसगढी नगरपालिकाले आ.व. २०७७/०७८ को श्रावन देखि हाल सम्म सञ्चालन गरेका विकास निर्माणका कार्यहरु तथा स्थानीय नागरिकहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्न चाल्नु पर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाईले सघाउ पुऱ्याउँदछ । कानुनी शासन, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालका केही वर्ष यता नेपाल सरकारले कार्य सम्पादनमा आधारित

अनुदान वितरण पद्धती लागु गरेको र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

**३. कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्य बाँसगढी नगरपालिकाबाट आर्थिक बर्ष २०७७/०७८ को साउन देखि हाल सम्म नगरबासीहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा नागरिकहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनगुणासाहरु सुन्नु ।
२. जनताको समस्यामा छलफल गर्नु ।
३. नगरपालिकामा वर्षभरी गरिएका कामहरुको मूल्यांकन गर्नु ।
४. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।
५. नागरिकहरुको अपेक्षा र उपलब्धि बारे जानकारी लिने ।

**४. सार्बजनिक सुनुवाइ बाट गरीएका उपलब्धि र अपेक्षाहरु**

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ सौहार्दपुर्ण हुनेछ ।
(ख) आयोजना सञ्चालन गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन र सीकाई हुने छ ।
(ग) नगरपालिका र समुदायको बुझाइ समान भै योजनाहरु समयमा सम्पन्न हुने र योजना प्रति आम समुदायको अपनत्व बढी बिकास दिगो हुँदै जानेछ ।

**५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :**

बाँसगढी नगरपालिकाले आ.व. २०७७/०७८ मा साउन देखि गरेका कार्यहरुको विषयमा २०७८ साल बैसाख ९ गते बुधबारका दिन, बाँसगढी नगरपालिका वार्ड नं ६ को वडा कार्यलयमा सार्बजनिक सुनुवाइको आयोजना गरिएको थियो । दिउँसो १:३० बजे शुरु भएको सार्बजनिक सुनुवाइ बेलुकी ५:४५ मा सकिएको थियो ।

**६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :**


सुशासन ऐन २०६४ र नियमावली २०६५ को आशय अनुरुप स्थानीय निकायहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले बाँसगढी नगरपालिकाले सेवा प्रदायक सञ्चार संस्था रेडियो गुर्वावा एफ एम संग सार्वजनिक सुनुवाई गर्न सहजीकरणका लागि सम्झौता गरेको थियो । कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पूर्व नागरीक प्रतिवेदन, वहिर्गमन अभिमत र सेवाग्राहीहरुको सुझाव सहितको आवाज पनि संकलन गरीएको थियो । त्यस मध्ये २० जना स्थानीय संग वहिर्गमन अभिमत, २० जना सेवाग्राहीसँग सर्वेक्षण गरियो भने १४ जना सेवाग्राहीहरुको आवाज संकलन गरीएको थियो । फाराम र अडियो गरी जम्मा ५४ जनाको सुझाव संकलन गरेका थियो ।

## ७. कार्यक्रममा विज्ञ तथा सहजकर्ताः

यो सार्वजानिक सुनुवाईको लागि सहजीकरण तथा समग्र व्यवस्थापन कार्य रेडियो गुर्वावा एफ.एमले र सहजिकरण सञ्चाकर्मी पुष्पा चौधरीले गर्नु भएको थियो । फिल्ड सर्वेक्षण कार्य संस्थाका अन्य कर्मचारीहरुले गरेका थिए । सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन तथा संयोजन कार्यको मुख्य जिम्मेवारी सञ्चारकर्मी पुष्पा चौधरीले नै गर्नु भएको थियो ।


## ८. कार्यक्रममा भएको उपस्थिती


यो सार्बजनिक सुनुवाइ कार्यक्रम बाँसगढी नगरपालिकाको वार्डनं ६ वडा कार्यलयमा  भएको थियो । सार्बजनिक सुनुवाईमा २०७७/०७८ मा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बिषयमा सार्वजनिक सुनुवाई गरिएको थियो । कोभिडका कारण अहिले धेरै भिडभाड नगर्ने भएर केहि सिमित प्रतिनीधी मुलक मान्छेहरुको सहभागितामा सार्वजनिक सुनुवाई गरिएको हो ।  यस सार्वजनिक सुनुवाइमा ८२ जनाको उपस्थिती रहेको थियो । जसमध्ये १२ महीला र ७० जना पुरुष रहेका थिए । उपस्थितिको बिस्तृत बिबरण निम्न बमोजिम रहेको छ ।


आज मिति २०७८ साल बैशाख महिनाको ६ गतेका दिन बाँसगढी नगर प्रमुख सालिकराम अधिकारीज्युको अध्यक्षतामा आ.व. २०७७/०७८ को सार्वजनिक सुनुवाई कार्यक्रम कार्यक्रम गरियो ।

तपसिल

१. नगर प्रमुख :- सालिकराम अधिकारी
२. प्र०प्र०अ. :- दीपेन्द्र बहादुर के.सी
३. [illegible]
४. [illegible]
५. [illegible]
६. दसरथ थारु
[illegible]
८. जसबिर बुढा
९. मिती [illegible]
१०) [illegible] कुमारी [illegible]
११) [illegible]
१२ [illegible]
[illegible]
दिल [illegible] समाज सेवी
[illegible] समाज सेवी
[illegible]


मोहनलाल लम्साल रा.प्रा. शिक्षक
देव ब. पुन
लाल सुनार
कल्ला ब. वि.क.
रुक्मीसरा वि.क. वडा नं. ५ सदस्य
विनोद कुमार परियार वडा नं. ५
चेतराम थारु
भरत थापा
यशोदा थापा म. त. बा. शाखा
अस्मिता वली कृषि शाखा.
कृष्ण पाण्डे उद्यम विकास शाखा
सुभाष पराजुली :- प्रधानमन्त्री रोजगार कार्यक्रम - रोजगार संयोजक
केर बहादुर के.सी. जिन्सी शाखा
घनश्याम कुँडी स्वास्थ्य शाखा बाँसगढी नगरपालिका
छत्र ब० शाही शिक्षा, युवा तथा खेलकुद शाखा बाँसगढी
नर बहादुर कुमाङ्गी श्री जनप्रिय मा० वि० दमौली
जय बहादुर बुढा ,, ,,
रमाकान्त भुसाल ,, ,,
विकास उपाध्याय, प्रा.सि. छाणे विकास शाखा, बाँसगढी न.पा.
युवराज रिजाल ,, ,,
प्रकाशचन्द्र पंगेनी वडा सदस्य वडा नं. ८
मानसरी व्याड, सेवाइकाई, किल्ला सहायक
शोभना गौतम, उद्यम विकास शाखा,
प्रेम राज पौडेल वडा ३ अध्यक्ष
विष्णु परियार वडा नं. ६
सर्जने कामी का. पा. सदस्य
केदार सिंह घर्ति वडा नं० ६ श्री जिल्ला सहकारी संघ अध्यक्ष
राम कृष्ण पुरी वडा ६ सेवाग्राही
सकतराम थापा वडा ६ सेवाग्राही
सिर्जना ढकाल वडा ६ सचिव
रूप बहादुर थापा, ६ ,,
विनोद प्रसाद उपाध्याय ४ न. वडा सचिव (बाँसगढी न.पा.)



टिकाराम ढकाल बाँ.न.पा ५ नं. वडा सचिव
अंकुर वि.क बाँ.न.पा ३ नं. वडा सचिव
सरिता वि.सी. बाँ.न.पा ६ नं. वडा सचिव
हर्क बहादुर घर्ति " " २ नं " "
सांख्य अवाली बाँ.न.पा १ नं. वडा सचिव
वासुदेव पौडेल बाँ.न.पा शासकीय शाखा
कृष्ण राज ढकाल बाँ.न.पा पशु सेवा शाखा
शान्ता देवी गुरुङ वडा नं ६ सदस्य
शिव प्रसाद पौडेल वडा नं. ६
बिमल पौडेल बाँ.न.पा. -५, प्रशासन शाखा
सर्जन कामी बाँ.न.पा. कार्यपालिका सदस्य
रामफल थारु ने.क.पा. वडा अध्यक्ष
लाल बहादुर वडा सदस्य
ज्योती पौडेल आ.स्वा.के. अ.न.मी
बुद्धमायाँ वडा सदस्य ६
गोपाल वली मेलमिलाप संयोजक बाँसगढी
ई. बलराम पौडेल इन्जिनियर बाँ.न.पा.
प्रविन कुमार वडा ६
मंगला थारु वडा ६
बुधमाया मेहता वडा ६ बाँ.न.पा.
पौडेल बाँसगढी न.पा
विष्णु चौधरी रेडियो गुर्बाबा एफ.एम.
टेक बहादुर कुमाल का.पा.सदस्य
अनोज थारु रेडियो गुर्बाबा एफ.एम
पुष्पा चौधरी गुर्बाबा एफ.एम

## ९. कार्यक्रममा भएका गतिविधीहरु :

२०७८ बैसाख ९ गते दिउँसो १:३० बजे बाँसगढी नगरपालिकाका प्रमुख शालिकराम अधिकारीको सभापतित्वमा भएको सार्बजनिक सुनुवाइ राष्ट्रिय गान बाट औपचारिक कार्यक्रमको शुरुवात भएको थियो । बाँसगढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टोपेन्द्र के.सी स्वागत संगै सार्वजनीक सुनुवाईका उदेश्य राख्नुभएको थियो । सञ्चारकर्मी पुष्पा चौधरीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । कार्यक्रमको पहिलो चरणमा कार्यक्रमको विस्तृत विवरण र सहभागीहरुलाई सार्वजनिक सुनुवाईका आचारसंहिता पढेर सुनाइएको थियो । त्यसपछी फील्डबाट संकलन गरेर ल्याइएको नागरिक प्रतिबेदन (Citizen Report Card) प्रश्नावली अनुसूची २, नागरिक प्रतिबेदनको अनुसूची २ को प्रश्नावली भाग-२

अनुसूची ३ को बहिर्गमन अभिमत (Exit Poll) मा कार्यालयमा आउने सेवाग्राहीहरुलाइ कार्यालयले दिने सेवाको गुणस्तरका बारेमा सोधीएका प्रश्नहरुको नतिजा ४० जनाको सुझाव सुनाइएको थियो । त्यसैगरी १४ जना सेवाग्राहीहरुको फील्डबाट संकलनगरी ल्याइएको सुझाव र गुनासाहरुको अडियो पनि सुनाइएको थियो । यसको उल्लेख अनुसुची ३ मा गरिएको छ । सो कार्य पछि सभापतिको अनुमति लिँदै बाँसगढी नगरपालिकाका लेखा अधिकृत धनबहादुर चन्दले नगरपालिकाले २०७७/०७८ मा गरेको आर्थिक कार्यविवरणको प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुतीकरणमा संलग्न गरिएका विषयवस्तुका सम्बन्धमा विभिन्न सहभागीहरुले जिज्ञासाहरु राखेका थिए । यसका साथै कतिपय सहभागीहरुले खानेपानी, स्वास्थ्य, कृषि, शिक्षा, सडक, लगायत विभिन्न विषयगत कार्यालयहरुसँग पनि जिज्ञासाहरु राख्नुभएको थियो । सहभागीले राखेका जिज्ञासाहरुको विषयमा बाँसगढी नगर प्रमुख शालिकराम अधिकारी, प्रमुख प्रशासकीय अधिकृत टोपेन्द्र के.सी, लेखा अधिकृत धनबहादुर चन्द, कृषि साखा विकास उपाध्यय, शिक्षा शाखा प्रमुख छत्र बहादुर साही, पशुसेवा शाखा प्रमुख डा. प्रेमकुमार मण्डल लगायतले सहभागीहरुले उठायका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । अन्त्यमा बाँसगढी नगरपालिकाका प्रमुख सालिकराम अधिकारीले सबै जिज्ञासा लाई सम्वोधन गरी सहभागीहरुलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।



सार्बजनिक सुनुवाइका सहभागीहरु

## १०. सिकाईहरु :

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

- सार्वजनिक सुनुवाई बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइहरूमा नगरबासीको सिर्जनात्मक सहभागिता रहेको पाइयो ।

- सार्बजनिक सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुगेको देखियो ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल भएको देखियो ।
- जनगुणासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको देखियो ।

## ११. निष्कर्ष र सुझावहरु :

**निष्कर्ष :**

यस नगरपालिकाले बनाएको रणनिति, योजना, कार्यक्रम र बजेटको खर्चको प्रस्तुतीलाइ हेर्दा आश लाग्दो प्रस्तुती देखीयो । सार्बजनिक सुनुवाइका सहभागिहरुले पनि आफ्ना सुझाव र गुनासा निर्धक्क साथ राखे । यस बाट नगरबासी, सेवाग्राही, जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारी बिच सुमधुर सम्बन्ध रहेको पाइयो । कार्यक्रम बाट विकेन्द्रिकरणको कार्यान्वयनको सफल दिशामा उन्मुख भएको अनुभूति मिलेको छ । हामी आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक उन्नत समाजको निर्माण गर्न सक्छौं । नगरपालिका र नगरबासीहरु बीचमा भएका अन्तर्क्रियाले आगामी दिनहरुमा लक्षित उद्देश्य हासिल गर्ने दिशामा अझै सकारात्मक योगदान पुग्ने आशा एवम् विश्वास लिइएको छ ।

## १२. सुझावहरु :

यस कार्यक्रम सञ्चालनका क्रममा देखिएका विभिन्न कमी कमजोरीहरुलाई आगामी दिनहरूमा सुधार तथा सम्बोधन गर्न सजिलो होस् भनी केही बुँदाहरुलाई सल्लाह तथा सुझावको रुपमा राखिएको छ ।

- सार्बजनिक सुनुवाइमा गरीएका प्रतिबद्धता यथासक्य छीटो कार्यान्वयन हुनु पर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमप्रति नगरवासीको उपस्थितिलाई गरिमामय बनाउन वडा अध्यक्ष सचिव र वडा सदस्यहरु लगायतका सरोकारवाला निकायलाई व्यवस्थित रूपमा परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाईको प्रचार-प्रसार व्यापक रुपमा हुनुपर्ने ।
- समयमै पत्रचार गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा एवं विकासनिर्माण सम्बन्धी कार्यक्रमलाई तत्काल लागु गर्न सुझावहरुलाई लागु तथा सुधारको बाटोमा लैजानुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका जिज्ञासा सुझाव तथा प्रतिबद्धता र सुझावहरुको अनुगमन गर्न सार्वजनिक सुनुवाई उत्तरदायित्व संयन्त्र गठन गर्नुपर्ने ।

## १३. सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिता

- सहभागिले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने छ ।
- सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिले प्रष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ ।
- सेवाग्राही, सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकोले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्ने छ । र सहजकर्ताले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।
- आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउने जरुरी हुने छैन ।

- चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
- सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
- सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाइने छैन ।
- सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने प्रयास गर्नु सबैको कर्तव्य हुनेछ ।
- सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनु पर्नेछ ।



सार्बजनिक सुनुवाइका सहभागीहरु

## १४. कार्यक्रम विवरण

नमस्कार म पुष्पा

बाँसगढी नगरपालिकाको सार्वजनीक सुनुवाई २०७६ माघ २९ सार्बजनिक सुनुवाइमा बर्षभरीको कामको समिक्षा संगै आगामी कार्यक्रमका बिषयमा पनि छलफल हुने गर्दछ । प्रत्यक सरकारी कार्यालय प्रत्येक चौमासिकम र बार्षिक रुपमा अनिबार्य सार्बजनिक सुनुवाइ गर्ने प्रावधान छ । आज हामी बाँसगढी नगरपालिकाको पहीलो चौमासिक सार्वजनीक सुनुवाई गर्दै छौ ।

**१५. आसन ग्रहन** :

नगर प्रमुख, सालिकराम अधिकारी ज्यु सभाध्यक्ष

उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तोपेन्द बहादुर केसि ज्यु, राजनितीक दलका प्रतिनिधीहरु, एमाले बाँसगढी नगर प्रतिनीधी नैन बहादुर खत्रि , नेपाली काग्रेस प्रतिनीधी ,नेकपा माओवादि प्रतिनीधी रामफल थारु , जनमोर्चाका ....ज्यु, समाजबादी पाटी नेपालका प्रतिनीधी ज्यु, राप्रपा प्रतिनीधी ज्यु, वडा अध्यक्ष ज्युहरु : वडा नम्वर १ देखि ९ सम्मका अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु वडा सदस्य ज्युहरु, विषयगत साखाका प्रमुख ज्युहरु, स्वास्थ्य साखाका प्रमुख धन बहादुर रेग्मी ज्यु, शिक्षा युवा तथा खेलकुद साखाका, छत्र बहादुर साहि ज्यु, कृषि विकास साखाका प्रमुख, लाल बहादुर खडका ज्यु, पशु विकास साखाका प्रमुख डा. प्रेम कुमार मण्डल ज्यू, महिला महिला तथा बालबालीका साखा प्रमुख एसोधा थापा ज्यू र सम्पुर्ण कर्मचारी ज्युहरु, बिभिन्न संघ संस्थाहरु, बासगढी उद्योग बाणिज्य संघका अध्यक्ष रामसिं थारु ज्यु, आफनो गाउ समाजको विकासका लागि चासो लिएर सार्बजनिक सुनुवाइमा उपस्थीत हुनु भएका सम्पुर्ण सहभागि ज्यूहरुलाई आ-आफनो स्थानमा आसन ग्रहण गरीदिनुहुन अनुरोध छ ।

सार्वजनीक सुनुवाईको उदेश्य र स्वागत बाँसगढी नगरपालिकाका प्रमुख प्रशासकिय तोपेन्द्र बहादुर केसि वाट प्रस्तुत । आर्थिक प्रगती र गतीविधी लेखा शाखा प्रमुख धन बहादुर चन्द बाट प्रस्तुत । सार्बजनिक सुनुवाइमा कामको समिक्षा संगै आगामी कार्यक्रमका बिषयमा पनि छलफल हुने गर्दछ। प्रत्येक सरकारी कार्यालयले चौमासिक र बार्षिकरुपमा अनिबार्य सार्बजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान रहेको छ ।

यस सार्बजनिक सुनुवाइमा सहज बनाउनका लागि हामीले २ खालको फाराम भरेका छौ । EXit poll र Citizen Report Card । र सेवा ग्राहीहरुको आवाज पनि रेकर्ड गरेका छौ । नगरपालिका वाट दिईने सेवा लिदा नागरीकलाई कस्तो लागेको छ र अब सुधार गर्नका लागि के गर्नु पर्ला ? भनेर ५४ बढी फारम र आवाज संकलन गर्दा धेरै नागरिकको गुनासो कर्मचारी प्रति रहेको छ । सेवामा ढीला सुष्ती, सेवाग्रहीलाई गर्ने व्यवहारमा सुधार गर्नु पर्ने रहेको छ । यो सुझाव २०७७ मंसिर मा सार्बजनिक सुनुवाइ गर्ने भनेर लिएको सुझाव हो । विकास निमार्णका कामहरु गुणस्तरीय नभएको , कार्यालयलय बाट दिनेसेवा नागरीक मैत्रि हुनुपर्ने, कर्मचारीको व्यवहार मिलनसारहुनु पर्ने लगायतका सुझावहरु आएका छन् ।

अनुसूची – १

नागरिक प्रतिवेदन पत्रको नतिजा विवरण

बुँदा नम्बर ३.६.१ सँग संबन्धित प्रश्नावली भाग – १

नागरिक प्रतिवेदन (Citizen Report Card)

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

उत्तरदाताको नाम र थर :– .......... जातजाति : ......लिङ्ग : ( ) महिला ( ) पुरुष ( )

उमेर..........शिक्षा..........

पेशा.............

ठेगाना: बाँसगढी नपा, वडा नं. हरु १, २, ३, ४, ५, ६, ७, ८ र ९  सम्पर्क फोन नं...................

१.सेवाको सन्तुष्टी

क) सन्तुष्ट** * ** * ख *)  ठीकै* **** ** ** ग)  असन्तुष्ट *

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट* **** *** *ख) ठीकै **** * ** ग) असन्तुष्ट*

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट *** *ख) ठीकै ***** *** * * * * * ग) असन्तुष्ट **

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको बिश्वस्त हुनुहुन्छ ?

क) बिश्वस्त****** * * * ख) ठीकै* **** * ग) अबिश्वस्त**

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

क) तिरेको छैन** ***** * ** * **** ख) एकदमै कम * ग) धेरै तिरेको *

२.४ त्यस कार्यालयले सार्बजनिक तथा समस्या समाधान गर्न औसत कती दिन लगाउँछ ?

क) एक दिन*** * * ख) दुइ दिन* ****** ग) धेरै दिन* ** **

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त * **** ठीकै * ** **** * * * ) अविश्वस्त (** * )

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै ( *** ***) ठीकै ( * ** ** * ** ) गरेको छैन (** * *)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै ( * ****) ठीकै (*** * ** ** ** ) विश्वास छैन (*** )

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (* **) छैन (* **** * ** * ) अलिअलि थाहा छ (*** ** ) *

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( *** *** **** ** * * *) कम सन्तुष्ट ( *** )असन्तुष्ट (* )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै (****** *** ** * * * )गाउँका ठूलाबडाको ( *)मध्यस्थकर्ता (** ** )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक (* * * ***** ) २ पटक ( **** * ) सो भन्दा वढी ** * ** )

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (* * ) ठीकै (*** * ***** * * ** * * )नराम्रो (** )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ ( * **** *)आंशिक जानकारी छ (*** ** )कुनै जानकारी छैन (** *** ** * )

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (**** ठीकै (****** ** * * * ** * *)खासै राम्रो छैन ( *)

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति (*** * * * ** ) ५० प्रतिशत भन्दा माथि (** )थाहा छैन (* *** ** ) *

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

छ (*** ** * )ठीकै छ (***** * ) प्रतिनिधित्व साह्रै कम छ (*** ) –****

## ६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

क) धेरै * ख) कम*** * *** * ) गरेको छैन * * * ** -*

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

क) धेरै  ख) ठीकै * **** ** * * *ग) अति कम***** * - *

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

क) धेरै भएको छ * ख)ठीकै भएको छ **** **** ग)भएकै छैन *** * * **-*

प्रश्नावली भाग – २

## नागरिक प्रतिवेदन पत्र

### १. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

क) पाएँ ** * ** **** ** ख) ठीकै पाएँ **** * ग) स्पष्ट पाइँन – *

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

क) दिएँ * ख) थोरै दिएँ ग) मागिएन र दिइएन पनि**** ****** * * * * * *

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

क) आफैं * ** * * * * *ख) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे **** * * * ** ग) नेता/ठूलाबडा

१.४ राजस्व, शुल्क तथा दस्तुर को -कससंग उठाउने गर्दछन् ?

क) सबैसँग ** * *** * **** * ख)सीमित व्यक्ति सँग मात्र * * * * ग) धेरै वक्यौता रहने गरेको छ

### २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ बाँसगढी नगरपालिका कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

क) राम्रो ** * *** * ख) ठीकै *** *** * * ग) खराब **

२.२ बाँसगढी नगरपालिका कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

क) तुरुन्तै हुन्छ * * *** * * ख) पटक पटक भनेपछि मात्रै हुन्छ* ** *** *) जति भनेपनि हुन्न ***

२.३ तपाईको विचारमा बाँसगढी नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

क) नियमित र राम्रो ** ** ख) ठीकै गर्छ* ** * * *** * * ) नियमित रुपमा गर्दैन ***

२.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

क) राम्रो *ख) ठीकै * ** ** *** * * * ** ग) खराब* **

२.५ बाँसगढी नगरपालिकामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

क) प्रभावकारी छन् * * ख) ठीकै छन्* * **** *** * * ग) प्रभावकारी छैनन्* *

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( ** ) ठीकै ( * * ** * * *** ) अप्ठयारो (* *** ** )

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन ( * *** ** मागेरै लिन्छन् (* रकम नदिए अप्ठ्यारो पार्छन् ( *** * * * * –*

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो ( *** ** ) कहिले काँही पाइयो ( *** * * * ** * ) माग गर्दा पनि पाइएन ( –*

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ ( * ) सोधेपछि पाइन्छ (*** * *** * * ** )सोधेपनि पाइदैन ( * ** )

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ ( ** * * ) ठीकै पालना भएको छ * **** * * * )कत्ति पनि पालना भएको छैन ( **) –*

२.११ योजना सञ्चालन गर्दा जि.वि.स./न.पा./गा.वि.स. वाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु ( ) ठीकै सहयोग पाएको छु (*** *** ** * ** *** )निरुत्साहित गरिन्छ ()

**३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध ( *** ** * ) कम श्रोत उपलब्ध (* **** * )अति कम श्रोत उपलब्ध( ** ) –*

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (* ) ठीकै **** ** * * * ** *** ) जटिल (* )

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ( ** * ** * *** )आवश्यकता भन्दा कम छ( *** * )सीपनिकै कम छ (* ) –*

३.४ जि.वि.स./न.पा./गा.वि.स. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? टाँसेकोदेखेको छु(* )कहिले काँही टाँसेको देखिन्छ(*** *** ** )खै कतै देखिएन(* **** ** )

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ ( * ** ) ठीकै मूल्यांकन हुने गरेको छ ****** * * ) कहिले प–नि भएको थाहा छैन *** )

३.६ वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ** ) ठीकै (* ***** **** ) कुनै जानकारी छैन (*** )

**४. पारदर्शिता सम्वन्धी**

४.१ जि.वि.स./न.पा./गा.वि.स. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा (* *) २ वटा () कार्यक्रम बारे कुनै जानकारी नै छैन *** *** ** * ** *) ––*

४.२ जि.वि.स./न.पा./गा.वि.स. मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (* *) कम (*** ** *) भएकै छैन (**** *** –*

४.३ जि.वि.स./न.पा./गा.वि.स. मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ **** ) अहिलेसम्म सञ्चालन भएकै छैन (*) कार्यक्रम बारे कुनै जानकारी नै छैन *** ** *** *** )

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

**धेरै ( ) ठीकै (******* *) कम ( ** * * * * –****

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ(** ** **** )कुनै संयन्त्र बनेको छैन(**)कुनै जानकारी नै छैनं (* * *** * )

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (*)* ठीकै जानकारी पाएको छु (***)कम जानकारी पाएको छु (***** * * *

**बहिर्गमन अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा**
**बुँदा नम्बर ३.४.१ सँग संबन्धित**
**सहभागि संख्या (३५)**

बहिर्गमन अभिमत (Exit Poll ) संकलन गर्ने ढाँचा बुँदा नम्बर ३.४.१ सँग संबन्धित

१) सेवाग्राहीको लिङ्ग :– पु/स्त्री
२) जात :
३) उमेर :
४) शिक्षा :
५) कार्यालय सम्म आइपुग्दाको समय :
६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि
७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस्।
क) सिफारिस लिन/पुऱ्याउन
ख) दर्ता/नवीकरण
ग) आर्थिक सहयोग लिन
घ) योजना माग गर्न
ङ) योजनाको किस्ता लिन
च) योजनाको मूल्याङ्कन गराउन
छ) योजनाको अन्तिम भुक्तानी लिन
ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न
झ) सूचनामूलक सामग्री प्राप्त गर्न
ञ) अन्य कुनै भए

| **सि. नं.** | **सेवाको नाम** | **मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने** | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो? | अति स्पष्ट****** | ठीकै **************** | अस्पष्ट* |
| | | | | |
| २ | सेवाप्रदायक कर्मचारीले | अति धेरै | ठीकै | थोरै *** |

| | | | | |
|---|---|---|---|---|
| | तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | ****** | ************ *** | |
| | | | | |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ********** ** | ठीकै ********** | अभद्र/अमर्यादित** |
| | | | | |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु ( प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए ***** | ठीकै********* ******* | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए***** |
| | | | | |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए ********* | ठीकै********* ***** | समाधान दिन सकेनन् |
| | | | | |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ? | अति सजिलो ( छोटो) ***** | ठीकै ************ **** | लामो र झन्झटिलो *** |
| | | | | |

## अनुसूची ६
## सार्वजनिक सुनवाइका सहभागिहरुका प्रश्नहरु
## बाँसगढी नगरपालिकाका नागरीकहरुका अडियोमा रहेको गुनासो

**१. हरी बहादुर सुनार वडा न ४ :** बाटोको गुणस्तर राम्रो भएन । बनाउने मान्छे फर्कीदा नफर्किदै बाटो भत्की हाल्छ । सीचाइका सिचाई पानी भएन हाम्रो क्षेत्रमा ।

**२. टेक बहादुर वलि : गाईको विमा नबनाइ दिएको**

**३. सालीकराम सुनार ४ बन्जरीया :**

**४. टेक बहादुर पुन वडा न ६ :** पशु विमा गराउन गएको पशु बिमा गर्न मानेन ।

**५. कुल बहादुर विक वडा न ८ :** पशु उपचार गरेबाफत पशु बिकास शाखाका कर्मचारीहरुले २५००। उपचार खर्च लिए । के सरकारको तलब खाएर कर्मचारी भएका पशु डाक्टरहरुले फीस लिन पाइन्छ ?

**६. बन्य जन्तु नियन्त्रण गर्नु परयो ।**

**७. बाटो गुणस्तरीय भएन**

**८. विउ विजन नउम्रने समस्याले किसान मर्कामा समाधान एग्रोभेटको अनुगमण**

**९. स्वास्थ्य विमा भएन र सेवा लिन पनि झन्झटीलो**

**१०. बसन्ती चौधरी सतहरीया बाट :** समयमा विउ विजन वितरण नहुनु

**११. फत्तेहसींह थारु बनमुरुवा :** जंगली जनावर को मारमा परेको सिचाई हुनु पर्ने

**१२ कर्ण बहादुर वलि :** सबै वजेट गाउको मेन रोडमा मात्र लगाउने उपभोक्त समीतीमा आफनो मान्छे मात्र राख्ने

**१३ महाराज थारु बेटहनी** : टटवन्धनको व्यवस्था गर्नु पर्ने

**१४ राम बहादुर बोहरा वडा न ९** अपाङ्ग हुँ अपाङ्ग भत्ता पाईदैन

**१५ प्रेमसरा परीयार वडा न ३** सबै भन्दा

**१६. रामकुमार चौधरी वडा न २ :** जाली टटबन्धन मागेको संगै पिल्डको विषयमा पनि माग गरैको बाटामा नाम मात्रको ग्राविल गरेका छन ।

**पशु शाखा प्रमुख डा. प्रेम कुमार मण्डल :**

मैले किसान कहाँ गएको बेला कसै संग पनि कुनै पनि प्रकारको पशु उपचार गरेको शुल्क मागेको छैन । हामीसंग भएको औषधी निशुल्क बितरण गरीरहेकै छौं । औषधी किन्नु पर्ने भएमा नाम लेखि दिन्छु । त्यो किसानहरुले बाहीर बाट किनेर लिने हो । तर रातीमा बोलाए भने कसैले २।४ सय दिए भनेपछी लिन्छु ।

जहाँ सम्म बिमाको कुरा छ, अर्काको गाईको विमा मर्नलागेको बुढो गाईको विमा गराउन भनेका थिए । बिमा हामीले गर्ने होईन । विमा कम्पनि छुट्टै छ उस्ले बिमा गर्नेहो भनेको मैले । घाँसको विउ वितरण समयमा बजेट आउन नसकेको कारण ढिला भएकै हो ।



सेवाग्राहीहरुको प्रश्नको जबाफ दिंदै पशु बिकास शाखा प्रमुख डा. प्रेमकुमार मण्डल

**कृषि साखा : विकास उपाध्यय**

कृषी सम्बन्धि अनुदानका बारेमा वडा कार्यालय र जनप्रतिनिधिहरु मार्फत सूचना पुर्‍याउने कोसीस गरीरहेका छौं । किसानहरुलाइ विउमा उमार शक्ति हुदैन । सबैतिर आउने विउ नै यस्तै हुन्छ के गर्ने ।



सार्बजनिक सुनुवाइका क्रममा सहभागीहरुको प्रश्नको जबाफ दिंदै बाँसगढी नपा कृषी शाखाका प्रतिनिधि बिकास उपाध्याय

**सार्वजनीक सुनुवाईका क्रममा सहभागिहरुले राखेका गुनासाहरु :**

**१. अनोज थारु, बाँसगढी नगरपालिका ४ लक्ष्मणपुर बर्दिया**

हाम्रो बाँसगढीमा लोडसेडिङको समस्या धेरै भैरहेको छ। बिद्युतमा फोन गरेर सोध्दा ग्राकहरुको गुनासो नसुन्ने हुनाले, गुर्बाबा एफएममा यो गुनासो आएको थियो । गुर्बाबा एफएमले बिद्युतलाइ पटक पटक (३ पटक) ग्राहकहरुको गुनासोको जबाफ दिन आउनुस भन्दा पनि किन आउनु भएन ?

**धनकृष्ण थारु, बिद्युत प्रमुख बाँसगढी शाखा**

बिद्युतको काममा धेरै समय खटीनु पर्छ। कार्यालय समय भन्दा बाहीर पनि काम गर्नु पर्छ। गुर्बाबा एफएमले मलाइ ३ पटक बोलाएकै हो तर समय नमिलेका कारण आउन सकिएन। आउँदा दिनमा ग्राहकहरुको गुनासो सम्बोधन गर्न आउने छु। पहीला लोडसेडिङ थियो अब लोडसेडिङ छैन। हाम्रो क्षमता बढाउने योजना पनि छ। अब तपाइको समस्या हुँदैन।

**२. टेकबहादुर पुन, बाँसगढी न.पा. ६ दमौली बर्दिया**

दमौलीको बाटोको गुणस्तर राम्रो भएन । बनाउने मान्छे फर्कीदा नफर्किदै बाटो भत्की हाल्छ । सीचाइ गर्दा बिद्युतले लोड धान्न सक्दैन । बिद्युतका कारणले गर्दाखेरी सीचाइ नै गर्न सकिएको छैन । यसको व्यवस्था मिलाइ दिनु पर्‍यो ।

**बलराम पौडेल, प्रावीधीक शाखा प्रमुख :**

कुनै पनि योजना गुणस्तरिय होस भनेर पहिल्यै इस्टीमेट गरीएको हुन्छ । त्यो इस्टीमेट अनुसार बनायो भने गुणस्तर कमहुँदैन । यहाहरुको गुनासो आएको कतीपय ठाउँमा गुणस्तरीय बाटो बनोस भनेर केहि ठाउ रोकेका पनी छौ । तर उपभोक्ता समिती बनाउनेमा हाम्रो हात हुदैन । तपाइहरुले नै छानेको मान्छे उपभोक्ता समितीमा बस्छ । त्यस कारण आफ्नो बाटोमा कस्तो माटो आयो, कस्तो गीटी आयो ? कती राखीयो तपाइहरुले नै हेर्नुपर्छ ।



सार्बजनिक सुनुवाइका क्रममा सहभागीहरुको प्रश्नको जबाफ दिंदै बाँसगढी नपा प्राबिधिक शाखाका प्रमुख ई. बलराम पौडेल

**३. राधेश्याम थारु, बाँसगढी ६ मोतीपुर गाउँ बरघर,**

वडा कार्यालयमा कुनै कामका लागि निवेदन दिन वा सिफारीस लिन गइयो भने पसलमा निबेदन, सीफारिसको नमुना लिन पठाईन्छ । के वार्ड कार्यालयमा फर्मेट हुँदैन । कीन जन्तालाइ दुख दिने ?

**सरीता क्षेत्री, वडा सचिव, वडा नं ६ वडा कार्यालय दमौली**

वडामा हेल्प डेस्क छैन । सबै सेवाग्राहीहरुको निबेदन लेख्न हामीलाइ फुर्सद हुँदैन । कसै कसैको त लेखीदिन्छम । त्यसैले निबेदन पसलमा पाइन्छ भनेर देखाइ दिएको मात्रै हो । पैसा लिएको कती लियो हामीलाइ थाहा भएन ।

**४. नैन सींह खत्री, नेकपा एमाले बाँसगढी प्रतिनिधि**

बाँसगढी नगरपालिकाले शिक्षालाइ गुणस्तरिय बनाउने अभियान शुरुगरेको भनेको छ । तर यस सम्बन्धि कृयाकलापहरु केही गरेको जस्तो लाग्दैन । के गुणस्तरीय शिक्षाको नाममा भवन मात्रै बनाएर गुणस्गरिय शिक्षा हुन्छ ? शिक्षाको गुणस्तर बढाउनका लागि बाँसगढी नगरपालिकाको कस्तो कार्यक्रम रहेको छ ?

**शिक्षा साखा :प्रमुख छत्रसींह साही**

गुणस्तरीय शिक्षाको लागि भवन पनि एउटा पक्ष हो । यसकालागि हामी सबै विद्यालयका प्र अ हरुले प्रतिबद्धता जनाई सक्नु भएको छ । विस्तारै सुधार गर्दै जान्छौ ।

**५. रामसींह थारु, अध्यक्ष, बाँसगढी उद्योग बाणिज्य संघ बाँसगढी बर्दिया,**

कर्मचारीहरुलाइ ???? रकम पुरस्कार बापत खर्च गरीयो भनेर सुनाइयो । यति धेरै रकम पुरस्कारमा खर्च भैरहेको रहेछ । तर पुरस्कार जस्तो कुरा पुरस्कार बितरण हुँदा थाहा पाइनु पर्ने हो । कहील्यै थाहा पाए जस्तो लाग्दैन । कुन कुन कर्मचारीले के पुरस्कार कती कती रकम पाए जानकारी गराइ दिनुहुन अनुरोध छ ।



सार्बजनिक सुनुवाइका क्रममा आफ्नो भनाइ राख्दै बाँसगढी उद्योग बाणिज्य संघका अध्यक्ष रामसींह थारु

**लेखा शाखा प्रमुख धन बहादुर चन्द :**

कार्यालय समय भन्दा धेरै समय काममा खटने कर्मचारीलाई दिएको प्रोत्साहन र पुरस्कार हो । यो पुरस्कार मात्र होईन ।




सार्बजनिक सुनुवाइका क्रममा आर्थिक प्रतिबेदन प्रस्तुत गर्दै बाँसगढी नगरपालिकाका लेखा शाखा प्रमुख धनबहादुर चन्द

**६. बिनोद परियार, बाँसगढी ६ दमौली**

हाम्रो बाँसगढीको लाइन निक्कै कमजोर छ । हावा चल्यो, बिजुली चम्कियो भने लाइन गैहाल्छ । विद्युतको भोल्टेज पुग्दैन । त्यसकारण टान्समिटको क्षमता वढाइ दिनु पर्‍यो । अर्को कुरा सिपमुलक तालीम आउँछ तर त्यो कस्ले पाउँछ हामीलाइ थाहा हुँदैन । खास गरेर लक्षित समुह भनेको दलित, महीला, गरीबहरु हुनु पर्ने हो । जस्को जे शीप छ उस्ले पाएको भए प्रभावकारी हुने थियो । तर यहाँ त जो टाँठोबाठो छ उसैले मात्रै पाउँछ । यसमा बिचार गर्नु पर्‍यो ?

**यसोदा थापा, प्रमुख महीला तथा बालबालिका शाखा बाँसगढी नगरपालिका**

तपाइले पाउन सक्नु भएन होला । त्यो कुरा म मान्छु । तर लक्षि बर्गलाइ आएको सेवा सुबिधा हामीहरुले लक्षित बर्गलाइ नै दिन्छौं । सबैलाइ एकै चोटी पुर्‍याउन सक्ने कुरा पनि भएन ।




सार्बजनिक सुनुवाइका क्रममा सहभागीहरुको प्रश्नको जबाफ दींदै
बाँसगढी नगरपालिका महीला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख यसोदा थापा

**सहभागीहरुको प्रश्नमा नगर प्रमुख शालिकराम अधिकारीको जवाफहरु**

बर्दिया राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्रका सामुदायीक बनमा तार बार गर्दै छौं । तर यो सबै ठाउँमा एकै चोटी पुर्‍याउन सकिंदैन पालो पालो गरेर तारबार गरीरहेका छौं ।

बाटोको गुणस्तर भएन भन्नुभएको छ । बाटोगुणस्तरिय बनाउन उपभोक्ताहरु नै साबधानी अपनाउनु पर्छ । बाटो होस अथवा अरु कुनैपनि भौतिक योजना निर्माणका लागि उपभोक्ता समुह र अनुगमन समिति गठन गरेर बनाउने नियम छ । जुन योजना जस्ले उपभोग गर्छ । त्यहींका उपभोक्ताहरु मिलेर उपभोक्ता समिति गठन गर्ने हो । अनुगमन समिति बनाउने हो । त्यसैले आफ्नो योजना निर्माण गर्दा कती बजेट आयो, कती माटो हाल्ने, कस्तो माटो हाल्ने, सीमेन्ट बालुवा गीटी, ग्राभेल कती हाल्ने भन्ने कुराको अनुगमन गर्नु पर्छ । समितिमा बसेका मान्छेले मात्रै होइन की उपभोक्ताहरु जस्ले पनि खबरदारी गर्न पाउँछ ।

नगरपालिकाका कर्मचारीहरुले सेवाग्राही मैत्री व्यवहार गरेनन् भन्ने गुनासो पनि गर्नु भएको छ । मैले दोश्रो पटक बाँसगढी नगरबासीहरुसंग कर्मचारीहरुको तर्फबाट माफी माग्दै छु । तपाइ कर्मचारीहरु कै अगाडी माफी माग्दै छु । राष्ट्र सेवक कर्मचारीहरु आम नागरिकका सेवक हुन । त्यसैले सेवाग्राहीहरुसंग मैत्रीपुर्ण व्यवहार गर्नु पर्छ । आउँदा दिनहरुमा सबै कर्मचारीहरुले मैत्रीपुर्ण तरीकाको व्यवहार गर्नेछन् र तोकीएको समयमा सेवाग्राहीहरुको काम हुनेछ भन्ने कुरामा म बिश्वस्त छु ।

हामीले खासगरेर थारु जातीका मानिसहरुलाइ लाग्ने सीक्कलसेल जाँचका लागि मेसीन ल्याएर राखेका छौं । त्यो मेसीन बिग्रीएको कुरा मैले यही कार्यक्रममा आएर थाहा पाएँ । म त्यो बिग्रीएको सीक्कलसेल जाँच गर्ने मेसीन तत्काल बनाएर संचालनमा ल्याउन स्वास्थ्य शाखालाइ निर्देशन दिन्छु ।
अब तपाइहरुले बिद्युतको कुरो उठाउनु भएको थियो त्यसका लागि हामीले बिद्युत बाँसगढी शाखाका प्रमुख धनकृष्ण थारुलाइ बिशेष निमन्त्रणा गरेर बोलाएका थियौं । त्यो समस्या उहाँले समाधान गर्नु नै हुने छ ।
यो नगर सबैको साझा हो स्थानीय सरकार तपाइहरुले नै चुनेर बनाएका प्रतिनिधिहरु हुन । त्यस कारण बाँसगढीको समस्त बिकासका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र आम बाँसगढी नगरबासीहरु एक भए मात्रै नगरको बिकास हुन सक्छ । त्यस कारण म आम बाँसगढी नगरबासीहरुलाइ नगरको बिकासमा साझेदारी गर्न, बिकासमा हुने अनियमिमतता र ढीलासुस्तीमा खबरदारी गर्न र सृजनात्मक सुझाका लागि अनुरोध गर्दछु ।




सार्बजनिक सुनुवाइलाइ सम्बोधन गर्दै बाँसगढी नगपालिकाका प्रमुख शालिकराम अधिकारी

**सार्वजनीक सुनुवाइमा गरीएका प्रतिबद्धताहरु :**

१.राष्ट्र सेवक कर्मचारीहरुले सेवाग्राहीलाई गरीने दुर्व्यवहार अन्त्य गरीने छ । नागरीक मैत्रिसेवा प्रबाह हुने छ ।

२.बैसाख महिना भित्रै सिक्कल सेल परीक्षण मेसिन मर्मत गरी प्रयोगमा ल्याउने

३.सेवा प्रवाहलाई गुणस्तरीयर छीटो छरीटो बनाउने ।

## निचोड

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास पहीलो पटक शुरु भएको छ । संघियताको अवधारणा बमोजिमसमान सहभागिता, पारदर्शी जबाफदेहीता र श्रोतमा समान पहुँच गणतन्त्रका मुल आधारहरु हुन । यी

आधारहरुलाइ कायम राख्न जनप्रतिनिधि, राष्ट्रसेवक र नागरिकहरु बिच निरन्तर छलफल हुन जरुरी छ । जस्ले आम नागरिक र राज्य संयन्त्र बिच सुमधुर सम्बन्ध स्थापित गर्न सक्दछ । बिकासमा नागरिकहरुको अर्थपुर्ण सहभागिता र अपनत्व सृजना गर्दछ । यसले गर्दा गणतन्त्र संस्थागत हुँदै जान्छ भने बिकास दिगो हुन्छ । यही अवधारणा लाइ साकार पार्न राज्यले बिभिन्न संयन्त्र निर्माण गरेको छ । यही संयन्त्र मध्येको सार्बजनिक सुनुवाइले राज्य र नागरिक बिचको सम्बन्ध सुमधुर बनाउन पुलको काम गरेको छ । यस नगरपालिकामा भएका विकास निर्माणमा यो कार्यक्रम पश्चात भएको सुधारलाई सफलताको सिढीँ मान्नुपर्छ । कार्यक्रमले विकेन्द्रिकरणको कार्यान्वयनको दिशामा सफल भएको अनुभूति मिलेको छ । हामी आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक उन्नत समाजको निर्माण गर्न सक्छौं । यस प्रकारले नगरपालिका र नगरबासीहरु बीचमा भएका अन्तर्क्रियाले आगामी दिनहरुमा लक्षित उद्देश्य हासिल गर्ने दिशामा अझै सकारात्मक योगदान पुग्ने आशा एवम् विश्वास लिइएको छ । सार्बजनिक सुनुवाइ जनप्रतिनिधि र राष्ट्रसेवकहरुलाइ जबाफदेही, अनुशासित बनाउने र नागरिकहरुलाइ कर्तव्यबोध गराउने उत्तम माध्यम हो । त्यसैले यसलाइ औपचारिकतामा मात्रै सीमित राखीनु हुँदैन । यसलाइ व्यापक जनसहभागिता र चासोको बिषय बनाइनु पर्दछ । यसका लागि पर्याप्त सुचना सम्प्रेषण गर्ने, सहभागिहरुलाइ सहभागिताका लागि सहज बाताबरण बनाउने व्यवस्था मिलाइनु पर्दछ । जुन काम सुधारोन्मुख देखिन्छ । यसलाइ अझ प्रभावकारी बनाउनु जरुरी छ ।

बिकास सबैको साझा हो । सर्बपक्षिय छलफल, सहमती र सहकार्यले मात्रै बिकास संभव हुन्छ । त्यसैले जिम्मेवार पदाधिकारीहरुले सबै पक्षलाइ समेटन, सबै पक्षको कुरा धैर्यतापुर्बक सुन्न र उचित समयमा कार्यान्वय गर्न सक्नु पर्दछ । पहिला गरेका प्रतिबद्धताहरु लाइ नजरअन्दाज गर्नु भनेको अप्ठेरो बाटो लाइ मर्मत नगरी अगाडी बढनु सरह हो । त्यसैले नगरबासीहरुले दिएका सुझाव र जनप्रतिनिधि र राष्ट्रसेवकहरुले गरेका प्रतिबद्धता प्राथमिकताका आधारमा पुरा गर्दै जानु समग्र बासगढी नगरपालिकाको हितमा हुनेछ ।



सार्बजनिक सुनुवाइका सहभागीहरुको प्रश्नको जबाफदिंदैबाँसगढी नपा जनस्वास्थ्य निरिक्षक घनश्याम के.सी

## सार्बजनिक सुनुवाइका सहभागीहरको फोटोहरु





